# विराटनगर महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रूपमा सहसचिव विजयकुमार शर्माको पदभार ग्रहण तथा स्वागत कार्यक्रम





विराटनगर महानगरपालिकाले नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा सहसचिव विजयकुमार शर्मालाई स्वागत गरेको छ। उहाँ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मंत्रालय र संघीय मामिला एवं सामान्य प्रशासन मंत्रालय अन्तर्गत जिम्मेवारीबाट सरुवा भइ सोमबारदेखि औपचारिक रूपमा कार्यभार सम्हाल्न पुगेका हुन्। उपमेयर शिल्पा निराला कार्की, सामान्य प्रशासन तथा शैक्षिक प्रशासन महाशाखा प्रमुख रामप्रसाद ढुङ्गेल, र महाशाखा प्रमुख अर्जुन थपलियाल लगायतका उच्च अधिकारीले पनि शर्मालाई स्वागत गरेका थिए।

महानगरका मेयर नागेश कोइरालाले शर्मा प्रति स्वागत गर्दै उनको अनुभवी र ऊर्जाशील नेतृत्वले महानगरको विकासमा योगदान पुर्याउने विश्वास व्यक्त गरे। मेयर कोइरालाले सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, सुशासन सुदृढीकरण, र विकास योजनाको प्रभावकारी कार्यान्वयनमा प्रशासनिक नेतृत्वको महत्वपूर्ण भूमिका रहने बताए।

पदभार ग्रहण गर्दै उहाँले जनप्रतिनिधि र कर्मचारीबीचको सहकार्यलाई संस्थागत विकासको आधार मानेका छन्। उनले जनप्रतिनिधि र कर्मचारीको सम्बन्धलाई नङ र मासुको जस्तै परिपूरक रहेको उल्लेख गर्दै महानगरको समग्र विकासमा सुधार, सेवा प्रवाहमा सुधार, र प्रशासनिक दक्षता अभिवृद्धिका लागि प्रतिबद्धता जनाएका छन्।

साथै उहाँले विराटनगर महानगरपालिकामा कार्यरत सबै महाशाखा/शाखा प्रमुखहरुसँग परिचयात्मक कार्यक्रम मार्फत चिनजान गर्दै कर्मचारीहरु बिच एकजुटता र समन्वय रहे उत्कृष्ट परिणाम हासिल गर्न सक्ने बताउनु भयो। सबै कर्मचारीहरु बाट विचार र सुझावहरूलाई सुन्नका लागि सधैं तत्पर रहने कुरा पनि जनाउनुभयो । महानगरवासी आम दिदीबहिनी तथा दाजुभाइहरुका लागि सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र प्रविधिमैत्री बनाउनुका साथै भौतिक पूर्वाधार विकासदेखि सामाजिक कल्याणका हरेक योजनाहरूलाई समावेशी र परिणाममुखी बनाउने कार्यमा जोड रहने बताउनु भयो ।

महानगरको चौतर्फी विकासका लागि जनप्रतिनिधिहरू, कर्मचारी साथीहरू र आम सरोकारवाला सबैसँग सहकार्य गर्दै पारदर्शिता, जवाफदेहिता र नागरिक-केन्द्रित सुशासनलाई आत्मसात् गर्दै अघि बढ्ने प्रतिवद्धता जनाउनुभयो ।